**मिति : २१ मंसिर २०८०**

**फुटपाथ र सार्वजनिक स्थानमा व्यापार गरेर जीविकोपार्जन गर्ने नागरिकको मानवीय मर्यादाको सम्मान र प्रवर्धन गर्न नागरिक संस्थाहरूको दश बुँदे अपिल ।**

१. समाजवाद, सामाजिक न्याय र मानवअधिकारका मान्यताहरूमा आधारित नेपालको संविधान कार्यान्वयनमा आएपछि हाम्रा शहरहरू विगतमा भन्दा बढी समावेशी, समतामूलक र मानवमैत्री हुनुपर्ने हो । यसको ठिक विपरित पछिल्लो समयमा शहरहरूलाई जबर्जस्ती हुनेखाने ठालु वर्गको पेवा बनाउन खोज्ने शासकीय प्रवृत्ति हाबी हुँदै गएको छ ।  काठमाण्डौ महानगर लगायतका नगर सरकारहरूले स्वेच्छाचारी रूपमा सूचना निकालेर फुटपाथ र सार्वजनिक स्थलमा व्यापार गरेर जीविकोपार्जन गर्दै आएका विशेष गरी न्यून आर्थिक आय भएका नागरिकलाई व्यापार गर्न निषेध गर्ने नाउँमा उनीहरूका सामानहरू जफत गर्ने कार्य गर्दै आएका छन् । यसबाट राज्यको संरक्षणको दरकार भएका महिला, अपांगता भएका व्यक्ति, दलित, मधेशी, आदिवासी जनजाती लगायतका सीमान्तकृत समुदायका अति विपन्न नागरिकहरू प्रताडित बन्दै गएका छन् । यस्तो स्थितिप्रति हामी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको क्षेत्रमा क्रियाशील नागरिक संघसस्थाहरूको गम्भीर ध्यानकर्षण भएको छ ।

२. जनसंख्याको ठूलो हिस्सा (लगभग १८ प्रतिशत) अझै पनि बहुआयामिक गरिबीको चपेटामा रहेको र उनीहरूमध्ये कतिपय चरम गरिबी र असमानतासँग जुध्न फुटपाथ र सार्वजनिक स्थलमा व्यापार गरेर जीवन गुजारा गर्दै आएको अवस्था छ । यो नेपालमा मात्रै नभएर विश्वका सवैजसो शहरहरूको यथार्थ हो भन्ने कुरा मनन् गर्न जरुरी छ ।

३. फुटपाथ वा सार्वजनिक स्थानमा आश्रित भएर जीविकोपार्जनको रणनीति अपनाउनु त्यस्ता नागरिकको रहर नभएर बाध्यता हो भन्ने कुरा सामान्य समझ भएका मानिसले बुझ्न सक्ने कुरा हो । यो कुनै अपराध होइन । बरु जीविकोपार्जनको उचित विकल्प नदिइकन बल प्रयोग गरेर विपन्न जनताको जीविकोपार्जनको आधार खोस्ने कार्य मौलिक मानवअधिकारको गम्भीर उल्लंघन हो । यो यथार्थलाई आत्मसात गरेर जनताले जीवन गुजाराको लागि अपनाएको स्वरोजगार रणनीतिलाई सम्मान गर्न हामी काठमाण्डौ महानगर लगायतका देशै भरैका सम्पूर्ण नगर सरकारहरू, संघीय सरकार र प्रदेश सरकारका सब निकाय एवं जनसमुदायलाई हार्दिक आह्वान गर्दछौं ।

४. नेपालको संविधानले मौलिक हकअन्तर्गत स्वरोजगार अपनाएका फुटपाथ व्यावसायी लगायतका नागरिकका लागि कानुनसंगत तरिकाले व्यापार व्यवसाय गर्ने स्वतन्त्रता, सम्मानपूर्वक बाँच्न पाउने हक, समानता र अविभेदको हक, खाद्य अधिकार, श्रम तथा रोजगारीको अधिकार, सामाजिक न्याय र सामाजिक सूरक्षाको हक सुनिश्चित गरेको छ । ती हकको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व तीनै तहका सरकारहरूको हो । राज्यको अभिन्न हिस्सा भएकाले नगर सरकार पनि अपवाद बन्न सक्दैन ।  सार्वभौम जनताले ती अधिकारको निर्वाध रूपमा उपभोग गर्न पाउने वातावरण सृजना गर्ने दायित्व संघ, प्रदेश र स्थानीय सरकारहरूले वहन गर्नु पर्दछ ।  कहाँको स्थायी बासिन्दा हो भन्ने कुरा हेरेर कसैलाई विभेदपूर्ण व्यवहार गर्न संविधानले किमार्थ अनुमति दिंदैन भन्ने कुरा सदब हेक्का राख्न जरुरी छ ।

५."सहरको सरसफाइ, सौन्दर्यकरण एवं सार्वजनिक सम्पत्तिको संरक्षण" र "नागरिकहरूको जिविकोपार्जनको आधारको रूपमा रहेको फुटपाथ व्यापारको व्यवस्थापन, संरक्षण र प्रबर्धन" परस्पर विरोधी कुरा होइनन् । दुबै कुराको बीचमा सन्तुलन मिलाएर शहरलाई समावेशी रूप दिन सकिन्छ, दिनु पर्छ भन्ने हाम्रो धारणा छ । सबैको सहअस्तित्वलाई मानेर त्यसो गर्नु राज्यको मानवअधिकारप्रतिको दायित्व पनि हो । यसको उचित व्यवस्थापन र नियमनले नै रोजगारी सिर्जना गर्ने, गरिबी निवारणमा टेवा पुऱ्याउने, अर्थतन्त्रमा योगदान पुऱ्याउने र दिगो विकास लक्ष्य समेत हाँसिल गर्न सहयोग पुग्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

६. तसर्थ गरिबीको अवस्थामा रहेका जनताको जीविकोपार्जनका आधारमाथि जबर्जस्ती हस्तक्षेप गर्ने, उनीहरूको स्वामित्वका वस्तुहरू खोस्ने, उनीहरूमाथि बल प्रयोग गरेर क्रूर र अमानवीय व्यवहार गर्ने कार्य निसन्देह मानवअधिकारको उल्लंघन हो । यस्तो उल्लंघनको कार्यले प्रत्येक्ष वा परोक्ष रूपमा नेपालको अन्तर्राष्ट्रिय छविलाई धुमिल्याउँछ र त्यसको प्रत्येक्ष नकारात्मक असर पर्यटन व्यवसायमा पनि पर्छ । यस किसिमको राष्ट्रको प्रतिष्ठामा क्षयिकरण हुने कार्य नगर्न एवं सभ्य र लोकतान्त्रिक समाजका आधारभूत मान्यताहरू आत्मसात गरेर सार्वभौम नागरिकको सम्मान गर्न सम्पूर्ण नगर सरकारहरू समक्ष आह्वान गर्दछौं ।

७. फुटपाथ व्यवसायलाई निरपेक्ष रूपमा निषेध गर्ने कुरालाई कुनै कानुनले मान्यता दिंदैन । तसर्थ तत्काल फुटपाथ व्यवसायलाई स्थानीय कानुनको दायरामा ल्याउन, सरोकारवालाहरूसँगको परामर्शमा अन्तरिम व्यवस्थापन र नियमनका उचित उपाय अवलम्बन गर्न नगर सरकारहरूले तत्काल पहलकदमी लिन जरुरी छ। दीर्घकालीन समाधानका लागि संघीय सरकारले देशैभरी लागु हुने गरी न्यूनतम संघीय कानुनी प्रवन्ध गरेर सडक तथा सार्वजनिक स्थलमा व्यापार व्यवसाय गर्ने नागरिकहरूको सम्मानजनक तरिकाले बाँच्न पाउने अधिकार, सामाजिक न्याय र सामाजिक सुरक्षाको अधिकारको संरक्षण र प्रवर्धन गर्ने वातावरण सृजना गर्न हामी जोडदार माग गर्दछौँ ।

८. कुनै पनि नगर सरकारले मानवअधिकारको उल्लंघन निम्त्याउने काम दोहऱ्याएमा त्यस्ता गतिविधिको अनुगमन र अनुसन्धान गरी उल्लंघनका लागि जिम्मेवार निकाय तथा पदाधिकारीहरूलाई जवाफदेही बनाउने दायित्व पुरा गर्न राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय समावेशी आयोग लगायतका संवैधानिक आयोग र मानवअधिकार संस्थाहरूको ध्यानाकर्षण गराउन चाहन्छौं । पीडितहरूबाट उजुरी परेपनि नपरेपनि आयोगले मिडिया रिपोर्टहरू, सामाजिक सञ्जालमा आएका टिप्पणी एवं प्रतिक्रियासमेतलाई उजुरीका रूपमा ग्रहण गरेर तत्काल राष्ट्रिय मानवअधिकार आयोगले छानबिन गरोस् र मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने गराउने दायित्व बहन गरोस् भन्ने हाम्रो आग्रह छ ।

९. विपन्न जनताहरूको शान्तिपूर्ण रूपमा जीविकोपार्जनका रणनीति अपनाउने र सम्मानजनक तरिकाले बाँच्न पाउने वातावरण सृजना गर्नेतर्फ तहगत सरकारलाई जवाफदेही बनाउन संघीय संसदको दुवै सदनअन्तर्गतका कानुन, न्याय, मानवअधिकार, श्रम, रोजगारी लगायतका विषयसँग सम्बन्धित समितिहरूले पनि निगरानीको क्षेत्राधिकारको प्रभावकारी अभ्यास गर्न सक्दछन् । तर समितिहरू विपन्न जनताप्रति पूर्वाग्रही बनेको र उनीहरूमाथिको ज्यादतीलाई अनदेखा गरेको अवस्था छ । जनप्रतिनिधिहरूबाटै यसो हुनु विडम्वनापूर्ण हो ।

१०. अतः आर्थिक सामाजिक हिसाबले पिंधमा रहेका फुटपाथ व्यवसायी नागरिकहरूलाई अझै आर्थिक सामाजिक जोखिम तथा असुरक्षामा धकेल्ने स्थानीय सरकारका मानवअधिकार विरोधी गतिविधि एवं संघीय सरकारको अकर्मण्यतालाई संसदीय अनुगमनको दायरामा ल्याई तहगत सरकारलाई जवाफदेही बनाउन जोडदार माग गर्दछौं ।

सचिवालय संस्थाको तर्फबाट

गोपी पराजुली
कार्यकारी निर्देशक, जुरी नेपाल

**ऐक्यबद्दता जनाउने अपिलकर्ता संस्था, सञ्जाल तथा समूहहरू :**

**सञ्जाल सम्बद्द संघ संस्थाहरू (CSOs Associated with ESCR National Network)**
(नेपाली अक्षरको प्रथम वर्णानुक्रमानुसार)

| क्र.सं | संस्थाको नाम | Location/Address |
|---|---|---|
| १. | आदिवासी जनजाती महिला समूह, नेपाल<br>Indigenous Women League, Nepal (IWLN) | Kathmandu |
| २. | इको हिमाल नेपाल<br>Eco-Himal Nepal | Kathmandu |
| ३. | इन्द्रेणी ग्रामिण विकास केन्द्र<br>Indreni Rural Development Center | Kapilvastu |
| ४. | एम्नेस्टी इन्टरनेसनल, नेपाल<br>Amnesty International Nepal | Kathmandu |
| ५. | कर्णाली ग्रामिण विकास तथा अनुसन्धान केन्द्र<br>Karnali Integrated Rural Development and Research Center (KIRDARC) | Lalitpur |
| ६. | जागरण मिडिया सेन्टर<br>Jagaran Media Center | Kathmandu |

| क.सं | संस्थाको नाम | Location/Address |
|---|---|---|
| ७. | डिग्नीटी इनिसियटिभ<br><br>Dignity Initiative | Kathmandu |
| ८. | दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल<br><br>National Campaign for Sustainable Development (NACASUD) | Kavre |
| ९. | न्याय तथा अधिकार संस्था- नेपाल<br><br>Justice and Rights Institute-Nepal (JuRI-Nepal) | Lalitpur |
| १०. | नेपाल विकास अभियान<br><br>Nepal Development Initiative (NEDI) | Kathmandu |
| ११. | नेपाल महिला मुस्लिम कल्याण समाज<br><br>Nepal Muslim Women Welfare Society (NMWWS) | Kathmandu |
| १२. | नेपाल महिला एकता समाज, काठमाडौं<br><br>Nepal Mahila Ekta Samaj (NMES) | Kathmandu |
| १३. | नेपाल दलित महिला उत्थान संघ (एडवान)<br><br>Association for Dalit Women's Advancement of Nepal (ADWAN) | Kathmandu |
| १४. | फियान नेपाल<br><br>Food First Information and Action Network (FIAN-Nepal) | Kathmandu |
| १५. | बियोण्ड बेइजिङ कमिटी, नेपाल<br><br>Beyond Beijing Committee (BBC Nepal) | Kathmandu |

| क.सं | संस्थाको नाम | Location/Address |
|---|---|---|
| १६. | मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल (Campaign for Human Rights and Social Transformation, Nepal (CAHURAST) | Kathmandu |
| १७. | मेड नेपाल<br>Multi-Diamentional Action for Development Nepal (Made-Nepal) | Chitwan |
| १८. | राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च<br>National Indigenous Women Forum (NIWF) | Kathmandu |
| १९. | सम विकास केन्द्र नेपाल,<br>(Equity Development Centre (EDC) Nepal) | Doti |
| २०. | समाजमा वातावरणीय शिक्षाको विकास (सिड)<br>Society for Environment Education Development (SEED) | Dang |
| २१. | सार्वजनिक सरोकार कानून व्यवसायी समुह<br>Public Interest Litigation Lawyers Group | Banke |
| २२. | सिद्दार्थ सामाजिक विकास केन्द्र<br>Siddhartha Social Development Centre (SSDC) | Kapilvastu |
| २३. | सुशासन तथा विकास प्रतिष्ठान<br>Institute for Governance and Development (IGD) | Kathmandu |
| २४. | सोसाइटी वेलफर एक्सन नेपाल<br>Society Welfare Action Nepal | Dang |